मिति २०७५/०२/१७ वैठक संख्याः १८

आज मिति २०७५/०२/१७ गतेका दिन यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाको ज्युको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको वैठक बस्यो ।

**उपस्थितीः**

| | **नामथर** | **पद** |
|---|---|---|
| १) | श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २) | श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३) | श्री श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |
| ४) | श्री भिम बहादुर गुरुङ | १ नं. वडाध्यक्ष |
| ५) | श्री पोल बहादुर आले | २ नं. वडाध्यक्ष |
| ६) | श्री कृतिमान आले | ३ नं. वडाध्यक्ष |
| ७) | श्री पदम बहादुर गुरुङ | ४ नं. वडाध्यक्ष |
| ८) | श्री याल बहादुर गुरुङ | ५ नं. वडाध्यक्ष |
| ९) | श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०) | श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११) | श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२) | श्री भोगी माया राना | गा.का.पा. सदस्य |
| १३) | श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४) | श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

कर्मचारी उपस्थिति

| | | |
|---|---|---|
| १५) | श्री बुद्धि प्रसाद भुसाल | नायब सुब्बा |
| | विष्णु प्रसाद ढकाल | सहायक प्रथम |

वैठक संख्या १८ मिति २०७५/०२/१७

१) धर्मार्थ अस्पताल हस्तान्तरण भई आएको
२) एकिकृत सम्पत्ति कर कार्यावन्यन कार्य योजना (Action Plan)
३) एकिकृत सम्पत्ति कर मुल्यांकन समिति गठन
४) विपद व्यवस्थापन समिति गठन
५) भौतिक संरचनाको नक्शा पास
६) विद्युतिकरणका समानको दररेट संशोधन
७) नागरिकता शिविर सञ्चालन
८) समपुरक कोषबाट सञ्चालन हुने योजना
९) वडा स्तरीय भलिबल प्रतियोगिता
१०) IEE गर्ने

निर्णयः

१) प्रस्ताव नं. १ मा छलफल गर्दा गलेश्वर आश्रमले चर्चि भोगी आएको करिब १ विगाहा जग्गामा कम्पाउण्ड र भवनमा गलेश्वर आश्रमबाट सञ्चालित धर्मार्थ अस्पताल यस गाउँपालिकालाई हस्तान्तरण गर्न निर्णय भई आएकोले गलेश्वर आश्रमलाई हार्दिक धन्यवाद दिने निर्णय गरियो । साथै उपयुक्त समयमा आपसी समझदारीमा गलेश्वर आश्रमले राखेको शर्त समेतलाई ध्यान दिई हस्तान्तरण गरि लिने दिने कार्यक्रम आयोजना गर्ने निर्णय गरियो । तपशिल अनुसारका शर्तहरु स्वीकार्ने निर्णय गरियो ।

शर्तः

क) अस्पतालको नामः आपसी समझदारीमा राख्ने ।
ख) जनशक्तीः हस्तान्तरण गरि लिने दिन सम्म कार्यरत जनशक्तिलाई काममा लगाउने ।
ग) अस्पताल सञ्चालन समितिमा प्रतिनिधित्वः गलेश्वर आश्रमलाई एक जना प्रतिनिधि रहने ।
घ) सेवाः २४ सै घण्टा दिने ।

२) एकिकृत सम्पत्ति कर कार्यान्वयन कार्य योजना **(Action Plan)** स्वीकृत गरियो ।

३) तपशिल अनुसार एकिकृत सम्पति कर मुल्यांकन समिति गठन गर्ने निर्णय गरियो ।
मिति २०७५ श्रावण १ देखि गाउँपालिकाले एकिकृत सम्पत्ति करको सन्दर्भमा एकिकृत सम्पत्तिको मुल्यांकन आधार तयार गरि सिफारिस गर्न र मुल्यांकन सम्बन्धि समस्या समाधान गर्न तपसिल अनुसारको गाउँपालिका र वडा स्तरीय एकिकृत सम्पत्ति कर मुल्यांकन समिति गठन गरियो ।

१. अध्यक्ष - संयोजक
२. उपाध्यक्ष - सदस्य

४. योजना शाखा प्रमुख - सदस्य
५. राजश्व शाखा प्रमुख - सदस्य सचिव

वडा स्तरीय एकिकृत सम्पत्ति कर मुल्यांकन समितिः

१. वडा अध्यक्ष - संयोजक
२. सम्बन्धित वडाका कार्यपालिका सदस्य - सदस्य
३. वडा सदस्यहरु - सदस्य
४. वडा सचिव - सदस्य सचिव

४) विपद व्यवस्थापन समिति गठनः

गाउँपालिका भित्रको विपद व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न एक गाउँ विपद व्यवस्थापन समिति देहाय बमोजिम हुनेछ ।

१. गाउँपालिका अध्यक्ष - संयोजक
२. गाउँपालिका उपाध्यक्ष - सदस्य
३. प्रमुख प्रशासकिय अधिकृत - सदस्य
४. विषयगत समितिका संयोजकहरु - सदस्य
५. प्रतिनिधी, जिल्ला प्रशासन कार्यालय - सदस्य
६. सामाजिक शाखा प्रमुख - सदस्य
७. पूर्वाधार विकास शाखा प्रमुख - सदस्य
८. ईलाका प्रहरी कार्यालय प्रमुख - सदस्य
९. नगर प्रहरी प्रमुख - सदस्य
१०. राष्ट्रिय मान्यता प्राप्त दलका गाउँपालिकास्थित प्रमुख वा प्रतिनिधी - सदस्य
११. नेपाल रेडक्रस सोसाईटी देवघाट शाखा - सदस्य
१२. निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको गाउँ तहको अध्यक्ष वा निजले तोकिको प्रतिनिधि (१ जना) - सदस्य
१३. गैरसरकारी संस्था महासंघका स्थानीय प्रतिनिधि (१ जना) - सदस्य
१४. नेपाल पत्रकार महासंघको स्थानीय प्रतिनिधि (१ जना) - सदस्य
१५. विपद व्यवस्थापन हेर्ने गरि तोकिएको शाखा प्रमुख - सदस्य

वडा भित्रको विपद व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न एक गाउँ विपद व्यवस्थापन समिति देहाय बमोजिम हुनेछ ।

१. वडा अध्यक्ष - संयोजक
२. सम्बन्धित वडाका कार्यपालिका सदस्य - सदस्य
३. वडा सदस्यहरु - सदस्य

४. राष्ट्रिय मान्यता प्राप्त दलका गाउँपालिकास्थित प्रमुख वा प्रतिनिधी - सदस्य
५. वडाका संघ संस्था, क्लवका प्रतिनिधी (आवश्यकता अनुसार) - सदस्य
६. वडा सचिव - सदस्य सचिव

५) भौतिक संरचनाको नक्शा पास

गाउँपालिका क्षेत्र भित्रका धार्मिक, सांस्कृतिक महत्वका मठ-मन्दिर, गुम्बा, पाटी पौवा निर्माण स्थलको लाल पुर्जा नभए पनि नक्सा पास गर्ने । पुराना संरचनाहरुको अभिलेख दर्ता गर्ने । देवघाटको गलेश्वर आश्रम, हरिहर आश्रम, महेश्वर आश्रम क्षेत्रको बाटो (देवघाट झोलुङ्गे पुल, टाउन चोक, महेश आश्रम सम्मको दक्षिणि क्षेत्र) मा मांश-मदिरा ओसार पसार तथा सेवन निषेध गर्ने ।

६) विद्युतीकरणका सामान दर रेट संशोधन

मूल्यवृद्धिका कारणले आ.व. २०७४/०७५ का लागि स्वीकृत दर रेटमा विद्युतिकरणका सामानहरु खरिद गर्न नसकिएकोले विद्युतिकरणका समानको दररेट संशोधन गरि देहाय अनुसार गर्ने निर्णय गरियो ।

७) नागरिकता शिविर सञ्चालन

देवघाट गाउँपालिका वडा नं. ३ स्थित छिपछिपेमा २०७५ साल जेष्ठ महिना भित्र नागरिकता शिविर सञ्चालन गर्ने निर्णय गरियो ।

८) समपुरक कोषबाट सञ्चालन हुने योजना

वडाबाट समपुरक कोषबाट सञ्चालन हुने योजना समयमै सम्पन्न गर्ने निर्णय गरियो ।

९) वडा स्तरीय खेलकुद समिति गठन गरिसके पछि गाउँपालिकस स्तरिय खेलकुद समिति गठन गर्ने निर्णय गरियो ।

१०) तपशिल अनुसारका नदि तथा खोलाको घाटहरुमा IEE गर्ने निर्णय गरियो ।

चापखोला, सिद्रेघाट, कोठी, वालुवाश्वारा, भतेरी, वर्षाखोला, खरिखोला, दरङ्गखोला, चिण्डेखोला, गर्वङ खोला, छेरङ्गा खोला, गाईघाट, साराङ्गघाट, नाल्दीघाट, मास्दीघाट